# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०६/११

## आठौं अधिवेशन

## (पच्चिसौं वैठक)

# बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको पच्चिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय हर्क बहादुर कुँवर**

माननीय सभामुखज्यू अछाम जिल्ला बान्नीगडी जैगड गाउँपालिका वडा नं.६ बस्ने दर्ना निवासी नेकपा एमाले जिल्ला कमिटी अछामका सदस्य धन बहादुर राउतको २०७८।०६।०४ गते रामारोशन गाउँपालिका वडा नं.७ मा पर्ने अनन्ते मेला हेर्न गएको ४ गते राती ८ बजेबाट बेपत्ता भएर आज मात्रै १ घण्टा अगाडि ८ दिन पछि एउटा खोलामा लास भेटीएको सो लासको निष्पक्ष छानविन गरी दोषि माथि अथवा के कस्तो अवस्था छ सोही अवस्थालाई निष्पक्ष छानविन गरि अगाडी बढ्नको लागि माननीय सभामुख मार्फत म सम्बन्धीत निकायको ध्यान आकर्षण गर्न चाहान्छु । साथै माननीय सभामुखज्यू गत बर्ष भू-क्षय दार्चुला, कैलाली, कंचनपुर जिल्ला यो बर्ष ०७८ साल कैलाली जिल्ला भजनी काडा नदी, पथरैया नदीबाट कटान भै भूक्षय भएको सम्बन्धी तटबन्धन अहिले सम्म पनि सरकारले वास्था नगरेको र अब सभामुख मार्फत सम्बन्धीत निकायको सो अवस्थामा तटबन्धनको लागि ध्यानाकर्षण गराउछु धन्यवाद ।

**माननीय ग्याल्बु सिंह बोहरा**

माननीय सभामुख महोदय यही श्रावण १५ गते व्यास गाउँपालिका वडा नं.२ बस्ने ३३ बर्षिय जय सिंह धामी तुइन तर्ने क्रममा भारतिय एसएसविले तुइन चुडालिदिएर लापत्ता रहेको सर्वविवितै छ त्यसै सन्दर्भमा संघीय सरकारले सहसचिवको नेतृत्वमा एउटा छानविन टोली गठन गरेको र त्यो टोली ५ सदस्यीय टोली स्थलगत र त्यहाको स्थानीय र प्रत्यक्षदर्शीहरुबाट पनि बुझ्ने क्रम गरी त्यस छानविनको क्रममा दार्चुलाबाट सहायक प्रमुख जिल्ला अधिकारीले पनि जानु पर्नेमा उहालाई पनि नलगेर ४ जना मात्र घटनास्थल पुगेको कुरा छ र त्यसमा पनि झण्डै झण्डै १ महिना लगाएर जुन प्रतिबेदन सरकार समक्ष पेश गर्यो त्यसमा पनि जुन स्थलगत रिपोर्टीङको क्रममा र त्यहाका प्रत्यक्षदर्शी जनताले भनेका कुरालाई तोडमोड गरेर खाली एउटा एसएसविको उपस्थितिमा घटना भएको भन्ने कुरा आएकोले त्यस प्रति म गम्भिर आपत्ती जनाउदै माननीय सभामुख मार्फत संघीय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र तीनका नावालक बच्चाहरुको लालन पोषण र दोषि माथि कारवाहीका लागि म माननीय सभामुख मार्फत संघीय सरकारलाई अनुरोध गर्दछु । त्यस्दै भाद्र १३ गते दुहु गाउँपालिका, महाकाली

नगरपालिकामा आएको भिषण बाढीको कारणले त्यहा धेरै ठुलो धनजनको क्षति भएको कुरा छ त्यसमा पनि प्रदेश सरकारबाट एथाशिघ्र सम्बोधन गरिनु पर्दछ र त्यस घटनामा झण्डै हाम्रो दुहु गाउँपालिकामा ५ जना मानवीय क्षति, ३ जना घइते रहेको छ र महाकाली नगरपालिकामा ५ घर पूर्ण रुपमा क्षति भएको अवस्था छ र दुहु गाउँपालिकामा झण्डै २३ वटा घर बगाएको र ३४ वटा घर बस्नै नसकिने अवस्थामा छ र त्यस्तै विद्यालय २ वटा, लघुजलविद्युत ५ वटा, मोटरेवल पुल १ लगायत काठेपुल, झोलुङ्गे पुल, पशु चौपाया, वडा कार्यालयको पनि धेरै क्षति भएको हुनाले म माननीय सभामुख मार्फत ती पिडित परिवारलाई यथाशिघ्र व्यवस्थापनको लागि अनुरोध गर्दछु र जुन अहिले बस्नै नसकिने गरी बगाएका छन् तीनिहरुको उचित स्तानान्तरणको व्यवस्थाका लागि माननीय सभामुखज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । त्यस्तै प्रदेश कानूनमा जुन विपद्को बेला मृत्यूवरण गर्नेलाई १ लाख रुपैया क्षतिपूर्ति दिने भन्ने संघीय र प्रदेश सरकारको बाझिने किसिमको भएको हुनाले त्यसलाइ प्रदेश सरकारको मातहतमा लिइ संघीय सरकारको आफ्नो किसिमको छ र स्थानीय सरकारको आफ्नो किसिमको छ र प्रदेश सरकारको जुन पैसा दिने कुरा छ त्यसलाइ अलि खुलस्त रुपमा कानून बनाइयोस भन्ने म माननीय सभामुखज्यू मार्फत अनुरोध गर्न चाहान्छु र म यो पनि अनुरोध गर्न चाहान्छु । बास्तवमा यो दार्चुला जिल्ला नेपालमा सुदूरपश्चिममा पर्छ कि पर्दैन २०७० को बाढीमा पनि यस्तै किसिमको क्षति भएको थियो तर तत्कालीन अवस्थामा पनि नेपाल सरकारले कुनै पनि किसिमको राहात नदिएको अवस्था छ र अहिले पनि संघीयता आइसकेपछि पनि यस्तै किसिमले दार्चुलालाई हेर्ने दृष्टिकोणले हेर्ने भन्ने कुरा म माननीय सभामुखज्यू मार्फत सरकारलाइ अनुरोध गर्न चाहान्छु र अब चाहि संघीयता आइसकेपछि कमसेकम तीन वटै तहको सरकारले ती पिडित परिवारलाइ र दार्चुला जिल्लामा अन्य पनि गाउँपालिका अपि गाउँपालिका र नौगाड गाउँपालिकामा भएका क्षतिपूर्ति उचित मुवाब्जा प्रदान गरियोस र पुन: बाढी पिडित र तुइन तर्ने क्रममा मृत्यूवरण गर्ने मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई संहोशन गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब, भौतिक पूर्वाधार विकास मन्त्री माननीय दीर्घ बहादुर सोडारीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई संहोशन गर्न बनेको विधेयक"** सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम **"प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई संहोशन गर्न बनेको विधेयक"** सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब, सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, आर्थिक मामिला मन्त्री माननीय तारा लामा तामाङ्गलाई आर्थिक वर्ष २०७६/०७७ को **"महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८"** सभामा पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुखज्यू मार्फत प्रदेश सरकारलाई प्राप्त हुन आएको सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७६/०७७ को **"महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८"** सभा समक्ष पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, आर्थिक मामिला मन्त्री माननीय तारा लामा तामाङ्गबाट सभामा पेश भएको **"महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८"** अध्ययन, छलफल र सुझावका लागि सार्वजनिक लेखा समितिमा पठाइने व्यहोरा जानकारी गराउदछु ।

**माननीय सदस्यहरु,**

अब, सामाजिक विकास समितिका सभापति माननीय कुन्ती जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति २०७८।३।०५
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषयः– सुदूरपश्चिम पशु विकास तथा पशु स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ को प्रतिबेदन सम्बन्धमा ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।११।१० गते बसेको सातौं अधिवेशनको तेस्रौं बैठकको निर्णय अनुसार सुदूरपश्चिम पशु विकास तथा पशु स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईएको थियो । सामाजिक विकास समितिमा उक्त विधेयक माथि २०७७/११/१६गते समितिको ८१औं बैठकमा छलफलको कार्य प्रारम्भ भई ८६औं, ८७औं, ९०औं, ९३औं, ९४औं, ९५औं, ९६औं, ९७औं, ९८औं, ९९औं, १००औं, १०१औं, १०२औं, र ..बैठकसम्म विधेयक माथि विस्तृत रुपमा दफावार छलफल गरी तपशिल बमोजिमका संशोधन र थप गर्नुपर्ने समितिको निर्णय सहितको प्रतिवेदन पेश गरेका छौं ।

दफावार छलफलका क्रममा समितिका बैठकहरुमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरु, सम्वन्धीत विषयका विज्ञ र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

<u>देहायः-</u>

१. माननीय दिव्यश्वरी शाह - सदस्य
२. माननीय कर्ण वहादुर मल्ल –सदस्य
३. माननीय टेक बहादुर रैका –सदस्य
४. माननीय नन्द बहादुर साउँद –सदस्य
५. माननीय शुशिला बुढाथोकी –सदस्य

६. माननीय गेल्बु सिंह बोहरा –सदस्य
७. माननीय दुर्गा कुमारी कामी –सदस्य
८. माननीय माया तामाङ्ग बोहरा –सदस्य

**विशेष आमन्त्रीत**

११. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरी
१२. भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री माननीय मान वहादुर सुनार

**आमन्त्रीत**

१३

## तपशिलः-

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| सि.न. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | विधेयकको शिर्षकमा | सुदूरपश्चिम प्रदेश पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | सुदूरपश्चिम प्रदेश पशु **विकास** तथा पशु स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | विधेयक मा पशु विकास थप गर्न उपयुक्त देखिएकोले। |
| २ | विधेयकको प्रस्तावनामा | **प्रस्तावना**ः- **मुलुकको** अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याई पशु स्वास्थ्य, जनस्वास्थ्य एवम् पशु कल्याण सुनिश्चित गर्दै पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको स्वच्छ र स्वस्थ **रुपमा** उत्पादन, **बिक्री** वितरण, **निकासी तथा पैठारी** गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, | **प्रस्तावना**ः- **सुदूरपश्चिम प्रदेशको** अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याई पशु स्वास्थ्य, **भेटनरी,** जनस्वास्थ्य एवम् पशु कल्याण सुनिश्चित गर्दै पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको स्वच्छ र स्वस्थ **विधिबाट** उत्पादन, **प्रशोधन र** वितरण **प्रणालीलाई प्रभावकारी बनाई कृषक एवम् सर्वसाधरण जनताको सुविधा तथा आर्थिक हित प्रवर्द्धन गर्ने सम्बन्धमा** व्यवस्था गर्न वाञ्छनीय भएकोले । | मुलुकको सट्टामा सुदूरपश्चिम प्रदेश राखिएको, भेटनरी, प्रशोधन र प्रणाली लाई प्रभावकारी बनाई कृषक एवम सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित प्रवर्द्धनलाई थप गर्न र बिक्रि निकासी तथा पैठारी संघीय ऐन अन्तरगत पर्ने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | | | हटाउन उपयुक्त भएकोले। |
| **३** | दफा १ को उपदफा (१) मा | (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७७" रहेको छ । | (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेशको **पशु विकास** तथा पशु स्वास्थ्य सेवा ऐन, २०७७" रहेको छ। | पशु विकास शब्द थप गर्न उपयुक्त देखिएकोले । |
| ४ | दफा २ को उपदफा (ग) मा | (ग)"जैविक पदार्थ (वायोलोजिकल्स)" भन्नाले पशु उत्पादन र पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप वा जैविक तत्व सम्झनु पर्छ। | (ग)"जैविक पदार्थ (वायोलोजिकल्स)" भन्नाले **पशु विकास** वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप **लगायत प्रशोधित र अप्रशोधित जैविक** तत्व सम्झनु पर्छ। । | पशु विकास लगायत प्रशोधित र अप्रशोधित जैविक शब्द थप गर्न उपयुक्त देखिएकोले। |
| ५ | दफा २ को उपदफा (घ) मा | (घ) **"जाँच अधिकृत"** भन्नाले दफा ४ बमोजिम नियुक्त गरिएको पशु जाँच अधिकृत सम्झनु पर्छ । | (घ) **"पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत"** भन्नाले दफा ४ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ । | "जाँच अधिकृत" को ठाउँमा "पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत" र नियुक्त गरिएको पशु जाँच अधिकृत को सट्टा तोकिएको व्यक्ति राख्न उपयुक्त देखिएकोले । |
| ६ | दफा २ को उपदफा (च) मा | (च( "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ । | (च) "निर्देशनालय "भन्नाले **सुदूरपश्चिम प्रदेश सरकारको सम्बन्धीत मन्त्रालय अन्तर्गतको** पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ । | प्रदेश र मन्त्रालय प्रष्ट गर्न सुदूरपश्चिम प्रदेश सरकारको सम्बन्धीत मन्त्रालय अन्तर्गतको शब्द थप गर्न उपयुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | | | देखिएकोले । |
| ७ | दफा २ को उपदफा (छ) मा | (छ) "निकासीकर्ता" भन्नाले नेपाल राज्यबाट अन्य मुलुकहरुमा पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ । | **हटाइएको ।** | संघीय ऐन संग बाझिएकोले उक्त उपदफा हटाई सोही अनुसार दफा र उपदफाहरुको क्रमसंख्या मिलान गर्न उपयुक्त देखिएकोले। |
| ८ | **दफा २ को उपदफा (ज) मा** | (ज) "पशु" भन्नाले मानिस बाहेक सम्पूर्ण जीवित जनावर सम्झनु पर्छ । सो शब्दले पन्छी र माछा एवम् बधशाला र मासु व्यवस्थापनका सन्दर्भमा गाई, गोरु बाहेकको जनावरलाई पनि जनाउनेछ । | (छ)"पशु" भन्नाले मानिस बाहेक सम्पूर्ण **घरपालुवा र जङ्गली** जीवित जनावर सम्झनु पर्छ । सो शब्दले पन्छी र माछा समेतलाई जनाउछ। तर मासु **जाँच प्रयोजनका लागि** गाई, गोरु र **प्रचलित कानुनले बध गर्न बन्देज गरेका पशु** बाहेकको जनावरलाई सम्झनु पर्छ । | घरपालुवा र जङ्गली, समेतलाई जनाउछ, तर मासु जाँच प्रयोजनका लागि गाई, गोरु र प्रचलित कानुनले बध गर्न बन्देज गरेका पशु शब्द थप गर्न र माछा एवम् बधशाला र मासु व्यवस्थापनका सन्दर्भमा शब्द हटाउन उपयुक्त देखिएकोले |

| | | | | |
|---|---|---|---|---|
| ९ | दफा २ को उपदफा (झ) मा | (झ( "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, मल, मुत्र वा सोबाट बनाइएको अप्रशोधित वा प्रशोधित वस्तु सम्झनु पर्छ ।सो शब्दले मृत पशुलाई समेत जनाउँदछ । | (ज)"पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, **सिरम**, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, **गिदि, न्याल, सिगांन, भेनम,** मल, मुत्र वा सोबाट बनाइएको अप्रशोधित वा अर्धप्रशोधित वस्तु सम्झनु पर्छ । | सिरम, गिदि, न्याल, सिगांन ,भेनम र अर्धप्रशोधित शब्द थप गर्न र सो शब्दले मृत पशुलाई समेत जनाउँछ शब्द हटाउन उपयुक्त देखिएकोले । |
| १० | दफा २ को उपदफा (ञ) मा | (ञ)"पशु उत्पादन सामग्री" भन्नाले पशु उत्पादन, पशु स्वास्थ्य, कृत्रिम गर्भाधान र जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ। | (झ)"पशु उत्पादन सामग्री" भन्नाले पशु उत्पादनको **लागि पशु अहारामा प्रयोग हुने घाँसपात र बीउबेर्ना, माछाको ह्याचलिङ्ग, दानाको कच्चा पदार्थ**, पशु स्वास्थ्य, **पशु प्रजनन तथा,** कृतिम गर्भाधान, जैविक पदार्थ र यसको उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ ।**सो शब्दले उक्त प्रयोजनमा प्रयोग हुने यन्त्र उपकरणलाई समेत जनाउँछ** । | पशु अहारामा प्रयोग हुने घाँसपात र बीउबेर्ना, माछाको ह्याचलिङ्ग, दानाको कच्चा पदार्थ, पशु प्रजनन र सो शब्दले उक्त प्रयोजनमा प्रयोग हुने यन्त्र उपकरणलाई समेत जनाउँछ शब्द थप गर्न उपयुक्त भएकोले । |
| ११ | दफा २ को उपदफा (ट) मा | (ट)**"पशु जाँच केन्द्र"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको **पशु जाँच केन्द्र** सम्झनु पर्छ । | (ञ)"पशु **तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र** " भन्नाले दफा ३ बमोजिम **प्रदेश सरकारले सुदूरपश्चिम प्रदेशको उपयुक्त स्थानमा अस्थायी वा स्थायी रुपमा** स्थापना भएको **पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र** सम्झनु पर्छ । | पशु जाँच केन्द्र को सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र राखिएको र प्रदेश सरकारले सुदूरपश्चिम |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रदेशको उपयुक्त स्थानमा अस्थायी वा स्थायी रुपमा शब्द थप गर्नु उपयुक्त देखिएकोले। |
| १२ | दफा २ को उपदफा (ठ) मा | (ठ)"पैठारीकर्ता" भन्नाले अन्य मुलुकबाट नेपालमा पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ । | **हटाइएको ।** | संघीय ऐन संग बाझिएकोले हटाएको र सोही अनुसार दफा र उपदफाहरुको क्रमसंख्या मिलान गर्न उपयुक्त देखिएकोले । |
| १३ | दफा २ को उपदफा (ढ) मा | (ढ)"मन्त्रालय" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ। | (ठ)"मन्त्रालय" भन्नाले **सुदूरपश्चिम प्रदेशको पशु विकास** तथा पशु स्वास्थ्य सेवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ । | सुदूरपश्चिम प्रदेशको पशु विकास शब्द थप गर्न उपयुक्त देखिएकोले। |
| १४ | दफा २ को उपदफा (ढ) मा | | (ढ)भेटेरीनरी सेवा भन्नाले पशु स्वास्थ्य, भेटेरीनरी जनस्वास्थ्य तथा पशु कल्याण सम्वन्धी विशिष्टकृत कार्यलाई जनाउछ । | भेटेरीनरी सेवा थप गरी सोही अनुसार क्रमसंख्या मिलान गर्न उपयुक्त देखिएकोले |
| १५ | दफा २ को उपदफा (ण) मा | | (ण) "संघीय ऐन" भन्नाले यस ऐनको प्रयोजनका लागि नेपाल सरकारको पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ सम्झनु प्रर्छ । | संघीय ऐन परिभाषित गर्न थप गरिएको र सोही अनुसार क्रमसंख्या मिलान गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| १६ | परिच्छेद -२ मा | परिच्छेद -२<br>पशु रोग अन्वेषण, ओसारपसार तथा पशु जाँच केन्द्र सम्बन्धी व्यवस्था | परिच्छेद -२<br>पशु रोग अन्वेषण, **रोगथाम, पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्र सम्बन्धी व्यवस्था | ओसारपसार शब्द हटाएको र पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र राख्न उपयुक्त देखिएकोले। |
| **१७** | दफा ३ को उपदफा (१) मा | **पशु जाँच केन्द्रको स्थापनाः** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी अन्तर प्रादेशिक सीमाना र प्रदेश भित्र स्थायी वा अस्थायी प्रकृतिको **पशु जाँच केन्द्र** रहने स्थान तोक्न सक्नेछ । | **पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको स्थापनाः** प्रदेश सरकारले (१) राजपत्रमा सूचना प्रकाशन गरी **प्रदेशको उपयुक्त स्थानमा पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्र स्थापना गर्न सक्नेछ | (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको उपयुक्त स्थानमा पशु तथ्याङ्क संकलन तथा अनुगमन शब्द राख्न उपयुक्त देखिएकोले। |
| **१८** | दफा ३ को उपदफा (२) मा | (२) उपदफा (१) बमोजिम तोकिएको स्थानमा मन्त्रालयले **पशु जाँच केन्द्र** निर्माण गर्न गराउन सक्नेछ । | (२) उपदफा (१) बमोजिम तोकिएको स्थानमा **पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको** कार्य विवरण मन्त्रालयले निर्माण गर्न गराउन सक्नेछ । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र राखिएको र कार्य विवरण शब्द थप उपयुक्त देखिएकोले। |
| **१९** | दफा ३ को उपदफा (३) मा | (३) उपदफा (२) बमोजिम **पशु जाँच केन्द्र** निर्माण गर्दा स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सकिनेछ । | (३) उपदफा (२) बमोजिम **पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको** निर्माण गर्दा स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सकिनेछ । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन शब्द राख्न उपयुक्त भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| २० | दफा ३ को उपदफा (४) मा | (४) उपदफा (२) वा (३) बमोजिम **पशु जाँच केन्द्र** निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ । | (४) उपदफा (२) वा (३) बमोजिम **पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रको निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन शब्द राख्न उपयुक्त देखिएकोले। |
| २१ | दफा ४ को उपदफा (१) | **जाँच** अधिकृतको नियुक्ति :(१) दफा ३ बमोजिम स्थापना गरेको **पशु जाँच केन्द्रको** प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको र सम्बन्धित सेवामा कार्यरत कर्मचारीलाई **जाँच अधिकृतको** जिम्मेवारी तोकिनेछ। | पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको नियुक्ति :(१) दफा ३ बमोजिम स्थापना गरेको **पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको** प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको र सम्बन्धित सेवामा कार्यरत कर्मचारीलाई **पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको** जिम्मेवारी तोकिनेछ | जाँच अधिकृतको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत शब्द राख्न उपयुक्त देखिएकोले। |
| २२ | दफा ४ को उपदफा (२) मा | (२)उपदफा (१)बमोजिम कर्मचारीको व्यवस्था हुन नसकेमा वा संक्रामक रोग तथा महामारी नियन्त्रण गर्ने वा विशेष अभियान सञ्चालन गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम करार सेवामा आवश्यक **जाँच अधिकृतको** व्यवस्था गर्न सकिनेछ । | (२)उपदफा (१)बमोजिम कर्मचारीको व्यवस्था हुन नसकेमा वा संक्रामक रोग तथा महामारी नियन्त्रण गर्ने वा विशेष अभियान सञ्चालन गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम करार सेवामा आवश्यक **पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको** व्यवस्था गर्न सकिनेछ । | जाँच अधिकृतको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत शब्द राख्न उपयुक्त देखिएकोले। |
| २३ | दफा ४ को उपदफा (३) मा | (३) उपदफा (१) र (२) बमोजिमको **जाँच अधिकृत**लाई सहयोग गर्न आवश्यक सहायक कर्मचारीको व्यवस्था तोकिए बमोजिम हुनेछ । | (३) उपदफा (१) र (२) बमोजिमको **पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत**लाई सहयोग गर्न आवश्यक सहायक कर्मचारीको व्यवस्था तोकिए बमोजिम हुनेछ । | जाँच अधिकृतको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत शब्द राख्न उपयुक्त देखिएको। |
| २४ | दफा ४ को उपदफा (४) मा | (४बमोजिम नियुक्त (२) र (१) उपदफा ( भएको**जाँच अधिकृतको** काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | (४बमोजिम नियुक्त (२) र (१) उपदफा ( भएको**पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको** काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | जाँच अधिकृतको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन |

| | | | | |
|---|---|---|---|---|
| | | | | अधिकृत राख्न उपयुक्त देखिएकोले। |
| २५ | दफा ५ को उपदफा (१) मा | **पशु जाँच** केन्द्रमा अभिलेख राख्नु पर्ने : (१) पैठारीकर्ता र पशु ओसारपसारकर्ताले पैठारी गरेका वा प्रदेशमा भित्र्याएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई अनिवार्य रुपमा **पशु जाँच** केन्द्रमा परीक्षण गराई **जाँच अधिकृतले** सोको अभिलेख राख्नुपर्नेछ । | **पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रमा अभिलेख राख्नु पर्ने : (१) पैठारीकर्ता र पशु ओसारपसारकर्ताले पैठारी गरेका वा प्रदेशमा भित्र्याएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई अनिवार्य रुपमा **पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रमा परीक्षण गराई **पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतले** सोको अभिलेख राख्नुपर्नेछ । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन र जाँच अधिकृतको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत शब्द राख्न उपयुक्त देखिएकोले। |
| २६ | दफा ५ को उपदफा (२) मा | (२) उपदफा (१) बमोजिम **पशु जाँच** केन्द्रमा राखिएको पशुको लागि आवश्यक पर्ने दाना, पानी र अन्य आवश्यक व्यवस्था सम्बन्धित पैठारीकर्ता वा पशु ओसार पसारकर्ताले तोकिए बमोजिम गर्नु पर्नेछ । | (२) उपदफा (१) बमोजिम **पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना, पानी र अन्य आवश्यक व्यवस्था सम्बन्धित पैठारीकर्ता वा पशु ओसार पसारकर्ताले तोकिए बमोजिम गर्नु पर्नेछ । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र शब्द राख्न उपयुक्त देखिएकोले। |
| २७ | दफा ५ को उपदफा (३) मा | (३) **पशु जाँच** केन्द्रमा राखिएको पशु परीक्षण अवधि भित्रै मरेमा **जाँच अधिकृत**ले त्यस्तो मरेको पशु परीक्षण गरी सुरक्षित रुपमा व्यवस्थापन गर्न पैठारीकर्ता वा पशु ओसार पसारकर्तालाई आदेश दिनेछ । | (३) **पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रमा राखिएको पशु परीक्षण अवधि भित्रै मरेमा **पशु तथ्याङ्क संकलन तथा अनुगमन** अधिकृतले त्यस्तो मरेको पशु परीक्षण गरी सुरक्षित रुपमा व्यवस्थापन गर्न पैठारीकर्ता वा पशु ओसार पसारकर्तालाई आदेश दिनेछ । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र र पशु जाँच अधिकृतको सट्टा पशु तथ्याङ्क संकलन र अनुगमन अधिकृत शब्द राख्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | उपयुक्त देखिएको ले। |
| **२८** | दफा ५ को उपदफा (४) मा | (४) उपदफा (१) बमोजिम **पशु जाँच केन्द्रमा** राखिएको पशु मरेमा पैठारीकर्ता वा पशु ओसार पसारकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाउने छैन । | (४) उपदफा (१) बमोजिम **पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रमा राखिएको पशु मरेमा पैठारीकर्ता वा पशु ओसार पसारकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाउने छैन । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन शब्द राख्न उपयुक्त देखिएकोले। |
| **२९** | दफा ५ को उपदफा (५) मा | **(५**पशु जाँच केन्द्रमा राखिएको पशु (, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ । | **(५ (पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ । | पशु जाँच केन्द्रको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन शब्द राख्न उपयुक्त देखिएको ले। |
| **३०** | साविको दफा ६, ७, ८, ९, १०, ११, १२ र १३ लाई | ६. प्रमाण पत्र दिनुपर्ने<br>७. निकासी वा पैठारी गर्दा पालना गर्नुपर्ने शर्त<br>८. पशु जाँच केन्द्रको बाटो भएर मात्र निकासी वा पैठारी गर्नु पर्ने<br>९. पैठारी तथा ओसारपसार गर्न प्रतिबन्ध लगाउन सक्ने<br>१०. प्रवेश गर्न रोक लगाउन सक्ने<br>११. आदेश दिन सक्ने<br>१२. लिलाम गर्न सकिने<br>१३. हटाउन वा नष्ट गर्ने | **हटाइएको** | संघीय ऐन संग बाझिएकोले हटाई सोही अनुसार दफा र उपदफाहरुको क्रमसंख्या मिलान गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| **३१** | परिच्छेद - ३ | परिच्छेद–३<br>लोपोन्मुख पशु अनुवांशिक स्रोत संरक्षण | परिच्छेद–३<br>पशु बधशाला र मासु जाँच सम्बन्धी व्यवस्था | साविकको परिच्छेद- ३ लाई परिच्छेद -५ मा समावेश गरी परिच्छद -३ मा पशु बधशाला र मासु जाँच सम्बन्धी व्यवस्था थप गर्न उपयुक्त देखिएकोले । |
| **३२** | दफा ६ मा | १४. **पशु बधशाला तथा मासु जाँच सम्बन्धी व्यवस्थाः-** पशु बधशाला तथा मासु जाँच सम्बन्धी व्यवस्था र मापदण्ड तोकिए बमोजिम हुनेछ । | ६. पशु वधशालाको स्थापनाः-(१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको कुनै क्षेत्रमा पशु वधशाला स्थापना गर्न सक्नेछ ।<br>(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तह, गैर सरकारी वा निजी क्षेत्रले समेत पशु वधशाला स्थापना गर्न प्रदेश सरकारले संघीय कानुन बमोजिम इजाजत दिन सक्नेछ । | दफा ६ देखि १३ सम्मका दफाहरु संघीय ऐन संग बाझिएकोले हटाइ साविकको परिच्छेद-२ को दफा १४ लाई दफा ६बनाई पशु बधशाला र मासु जाँच सम्बन्धी व्यवस्था लाई स्पष्ट गर्न परिच्छेद अलगै गर्नुपर्ने भएकोले थप गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ३३ | दफा ७ मा | | ७. मासु निरीक्षकको नियुक्तिः- (१) प्रदेश सरकारले पशु र मासु जाँच गर्नको लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई मासु निरीक्षकको पदमा नियुक्त गर्न वा तोक्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम नियुक्त मासु निरीक्षकको काम, कर्तव्य र अधिकार पशु वधशाला र मासु जाँच ऐनले तोकेको काम कर्तव्य तथा अधिकारको अतिरीक्त अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | दफा ७ थप गर्न उपयुक्त देखिएकोले। |
| ३४ | दफा ८ मा | | ८.मासु सुपरीवेक्षक तोक्न सक्नेः- (१) पशु वधशाला व्यवस्थापन र मासु निरीक्षकको कामको सुपरीवेक्षण गर्न पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको कुनै कर्मचारीलाई प्रदेश सरकारले मासु सुपरीवेक्षक तोक्न सक्नेछ । | दफा ८ थप गर्न उपयुक्त देखिएकोले। |
| ३५ | दफा ९मा | | ९. बधस्थल सञ्चालन गर्न सक्नेः पशु वधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपररवेक्षकले तोकेको स्थानमा वधस्थल सञ्चालन गर्न निजी क्षेत्र वा स्थानीय तहलाई प्रदेश सरकारले तोकिए बमोजिम इजाजत दिन सक्नेछ । | दफा -९ थप गर्न उपयुक्त देखिएकोले। |
| ३६ | दफा १० मा | | १०.पशु वधशाला र मासु जाँच सम्बन्धी अन्य व्यवस्थाः पशु वधशाला र मासु जाँच ऐन २०५५ बमोजिमका अतिरिक्त तोकिए बमोजिम हुनेछ । | दफा १० थप गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ३७ | परिच्छेद - ४ मा | परिच्छेद -४<br>पशु फार्म र उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था | परिच्छेद –४<br>भेटेरिनरी प्रयोगशालाको व्यवस्था र भेटेरीनरी सेवा संचालन, पशु रोग रोकथाम, नियन्त्रण, उन्मूलन र भेटेरिनरी औषधी नियमन सम्बन्धी व्यवस्था | साविकको परिच्छेद -४ लाई परिच्छेद -५ मा समावेश गरी परिच्छेद -४ मा भेटेरिनरी प्रयोगशालाको व्यवस्था र भेटेरीनरी सेवा संचालन, पशु रोग रोकथाम, नियन्त्रण, उन्मूलन र भेटेरिनरी औषधी नियमन सम्बन्धी व्यवस्थापन थप गर्न उपयुक्त देखिएकोले। |
| ३८ | दफा ११ मा | १५.भेटेरिनरी प्रयोगशालाको व्यवस्था | ११.भेटेरिनरी प्रयोगशालाको व्यवस्था | साविकको दफा १५ लाई परिच्छेद -४ मा लगि दफा ११ कायम गर्न उपयुक्त देखिएकोले। |
| ३९. | दफा १२ मा | १६.भेटेरिनरी सेवा संचालन गर्न अनुमति लिनुपर्ने | १२. भेटेरिनरी सेवा संचालन गर्न अनुमति लिनुपर्ने | साविकको दफा १६ लाई परिच्छेद -४ मा लगि दफा १२ कायम गर्न उपयुक्त देखिएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ४०. | दफा १३ मा | ३१. भेटेरिनरी निरीक्षकको नियुक्ति : | १३. भेटेरिनरी निरीक्षकको नियुक्ति : | साविकको दफा ३१ लाई परिच्छेद -४ मा लगि दफा १३ कायम गर्न उपयुक्त देखिएकोले। |
| ४१ | दफा १४ मा | **३२.** निरीक्षण, परीक्षण र उपचार दस्तुर | १४. निरीक्षण, परीक्षण र उपचार दस्तुर | साविकको दफा ३२ लाई परिच्छेद -४ मा लगि दफा १४ कायम गर्न उपयुक्त देखिएकोले । |
| ४२ | दफा १५ मा | | १५. भेटरिनरी औषधी नियमनः (१) सुदूरपश्चिम प्रदेश भित्र पशु रोगको उपचारको लागि प्रयोग हुने औषधीहरू तथा पशु उत्पादनमा प्रयोग गरिने फिड सप्लिमेन्टको उत्पादन, बिक्री वितरण तथा गुणस्तर सम्बन्धी नियमन संघीय ऐनका अतिरिक्त तोकिए बमोजिम हुनेछ ।<br>(२) पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतले प्रदेश भित्र सञ्चालित भेटेरिनरी औषधी उत्पादनकर्ता कम्पनी, भेटेरिनरी औषधी पसल, खोप र अन्य जैविक पदार्थभण्डारण स्थलको जाँच जुनसुकै बेला गर्न सक्नेछन ।<br>(३)भेटेरिनरी प्राविधिकहरूले पशु उपचार सेवा प्रदान गर्नका लागि प्रदेश सरकारले तोकेको निकायबाट पशु उपचार अनुमती पत्र लिनु पर्नेछ।<br>(४)भेटेरिनरी प्राविधिकहरुले पशु | दफा १५ थप गर्न उपुयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | चिकित्सा व्यावसाय गर्दा दर्ता गर्नु पर्नेछ । | |
| ४३. | दफा १६ मा | | १६.पशुरोग संक्रमणग्रस्त क्षेत्र घोषणा गर्न सकिनेः-(१) संक्रामक वा माहामारीजन्य पशुरोग कुनै स्थान वा क्षेत्रमा फैलीएको प्रयोगशाला परिक्षणबाट पुष्टी भएमा रोगलाई श्रोत विन्दुमा नै नियन्त्रण गर्न र अन्यत्र फैलिन नदिन मन्त्रालयले चार किल्ला तोकी सार्वजनिक सूचना जारी गरी त्यस्तो स्थान वा क्षेत्रलाई संक्रमणग्रस्थ क्षेत्र घोषणा गर्न सक्नेछ ।<br>(२)उपदफा (१) वमोजिम पशुरोग संक्रमणग्रस्त क्षेत्रमा पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री वा रोग सार्न सक्ने अन्य सामग्री अन्यत्र लैजान वा ओसारपसार गर्न, बिक्रि वितरण गर्न मन्त्रालयले सार्वजनिक सूचना जारी गरी वन्देज लगाउन सक्नेछ।<br>(३) उपदफा (१) वमोजिम पशुरोग संक्रमणग्रस्त क्षेत्र घोषणा गर्ने, वन्देज लगाउने र फुकुवा गर्ने कार्यविधि तोकिएको बमोजिम हुनेछ। | दफा १६ थप गर्न उपुयुक्त देखिएकोले। |
| ४४. | दफा १७ मा | | १७.पशु रोग रोकथाम, नियन्त्रण र उन्मूलनः पशुको संक्रामक तथा महामारीजन्य रोगहरूको संक्रमण फैलिन नदिन प्रदेश सरकारले आवश्यकता अनुसार चार किल्ला | दफा १७ थप गर्न उपुयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | तोकी निश्चित समयको लागि रोगको सम्भावना भएका पशु ,पशु तथा पशुपन्छी जन्य पदार्थको रोकथाम, नियन्त्रण र उन्मूलनका लागि प्रदेश सरकारले पशु रोग सम्बन्धी आकस्मिक पशु रोग योजना (एनिमल डिजिज कन्टिन्जेन्सी प्लान) तयार गर्न सक्नेछ। | |
| ४५. | दफा १८ मा | | १८. रोगमुक्त क्षेत्र घोषणा, विस्तार तथा निरन्तरताः- (१) पशु र पशुजन्य पदार्थको आन्तरिक ओसारपसार, अन्तराष्ट्रिय व्यापार प्रवर्धन एवंम संक्रामक रोगको क्रमिक उन्मुलन गर्ने उद्देश्यले प्राकृतिक र भौगोलिक अवरोध भई पृथक भएका वा जैविक सुरक्षा र विभिन्न रोग विरुद्ध नियमित खोप लगाई रोग मुक्त भएका क्षेत्रलाई क्रमिक विस्तार गर्दै निरन्तरता दिन प्रदेश सरकारले पशु रोगमुक्त क्षेत्र घोषणा गर्न सक्नेछ ।<br>(२) रोगमुक्त क्षेत्र घोषणा गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।<br>(३) पशु रोग रोकथाम, नियन्त्रण र उन्मुलनका लागि प्रदेश सरकारले संघ र स्थानीय तहसंग समन्वय तथा सहकार्य गर्न सक्नेछ । | दफा १८ थप गर्न उपुयुक्त देखिएकोले। |
| ४६ | दफा १९ मा | | १९. रोग सूचना प्रणालीको विकास र रिपोर्टिङ्ग गर्नुपर्नेः- प्रदेश सरकारले प्रदेश भित्र रहेका पशु रोगहरु सम्बन्धी रोग सूचना प्रणालीको विकास गर्नुपर्नेछ ।<br>(१) प्रदेश भित्र रहेका सबै स्थानीय तहहरुले तोकिए बमोजिमको ढाँचामा नियमति रुपमा प्रदेश सरकारले | दफा १९ थप गर्न उपुयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | तोकेको निकायमा पशु रोगको रिपोर्टिङ्ग गर्नुपर्नेछ ।<br>(२)मन्त्रालयले तोकेको निकायले संघीय सरकारले तोकेको निकाय र ढाँचामा नियमित रुपमा पशु रोगको रिपोर्टिङ्ग गर्नु पर्नेछ । | |
| ४७ | दफा २० मा | | २०.पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको उत्पत्ति, र पशुको पहिचान सम्बन्धी व्यवस्थाः<br>(१)सुदुरपश्चिम प्रदेश भरी पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको ओसार पसार गर्दा यसको उत्पत्ति वा उत्पादन हुने स्थान सम्बन्धी प्रमाणपत्र सम्बन्धित स्थानीय तहले तोकिएको ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।<br>(२) पशुजाँच तथा तथ्याङ्क संकलन अधिकृत वा कार्यालय प्रमुखले यस सम्बन्धी नियमित अनुगमन निरीक्षण गर्नु पर्नेछ ।<br>(३) स्थानीय तहले पशु रजिष्ट्रेसन तथा पशु पहिचान सम्बन्धी व्यवस्था तोकिए बमोजिम गर्न सक्नेछ ।<br>(४) उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक सहयोग गर्न सक्ने छ।<br>(५) पशुको तथ्याङ्क उपलब्ध गराउनु पर्नेः- स्थानीय तहले पशुको तथ्याङ्क मन्त्रालयलाई तोकिए बमोजिम नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ । | दफा २० थप गर्न उपुयुक्त देखिएकोले। |
| ४८ | दफा २१ मा | २४. संक्रामक रोगको नियन्त्रणः | २१. संक्रामक रोगको नियन्त्रणः | परिच्छेद ५ को साविक दफा २४ लाई परिच्छेद ४ मा समावेश गरी |

| | | | | |
|---|---|---|---|---|
| | | | | दफा २१ कायम गर्न उपयुक्त देखिएकोले। |
| ४९ | दफा २२ मा | २५. औषधी व्यवस्थापनः | २२. औषधी व्यवस्थापनः | परिच्छेद ५ को साविक दफा २५ लाई परिच्छेद ४ मा समावेश गरी दफा २२ कायम गर्न उपयुक्त देखिएकोले। |
| ५० | परिच्छेद-५ मा | परिच्छेद -५<br>संक्रामक रोगको नियन्त्रण र औषधी व्यवस्थापन | परिच्छेद -५<br>पशु पालन ,पशु कल्याण ,पशु फार्म र उद्योग सम्बन्धी व्यवस्था तथा लोपोन्मुख पशु र आनुबांशिक स्रोत संरक्षण | साविकको परिच्छेद ३ र परिच्छेद ४ का दफार उपदफाहरु समेत समावेश गरी परिच्छेद ५ कायम गर्न उपयुक्त देखिएकोले। |
| ५१ | साविकको दफा २१ र २२ लाई | (२१) निकासी वा पैठारी गर्न सिफारिस लिनु पर्नेः<br><br>(२२) पहिचान, प्रमाणीकरण र जोखिम विश्लेषण : | **हटाइएको** | साविकको परिच्छेद ३ को दफा २१ र २२ संघीय ऐन संग बाझिएकोले हटाई सोही अनुसार दफा र उपदफाहरुको क्रमसंख्या मिलान गर्न उपयुक्त देखिएकोले |
| ५२ | दफा २३ मा | १७.नश्ल सुधार तथा उत्पादन सम्बन्धी व्यवस्थाः | २३.नश्ल सुधार तथा उत्पादन सम्बन्धी व्यवस्थाः | साविकको परिच्छेद ३ को दफा १७ लाई परिच्छेद ५ मा |

| | | | | |
|---|---|---|---|---|
| | | | | लगि दफा २३ कायम गर्न उपयुक्त देखिएकोले । |
| ५३ | दफा २४ मा | १८.रैंथाने पशुको संरक्षणः | २४. रैंथाने पशुको संरक्षणः | साविकको परिच्छेद ३ को दफा १८ लाई परिच्छेद ५ मा लगि दफा २४ कायम गर्न उपयुक्त देखिएकोले। |
| ५४ | दफा २५ मा | १९. घाँसे बाली, चरन तथा खर्क विकासः | २३. घाँसे बाली, चरन तथा खर्क विकासः | साविकको परिच्छेद ३ को दफा १९ लाई परिच्छेद ५ मा लगि दफा २५ कायम गर्न उपयुक्त देखिएकोले। |
| ५५ | दफा २६ मा | २०.पशु फार्म तथा उद्योग दर्ता र स्थापना गर्न सिफारिस लिनु पर्ने | २६. पशु फार्म तथा उद्योग दर्ता र स्थापना गर्न सिफारिस लिनु पर्ने | साविकको परिच्छेद ४ को दफा २० लाई परिच्छेद ५ मा लगि दफा २६ कायम गर्न उपयुक्त देखिएकोले |
| ५६ | दफा २७ मा | २३.अनुमतिपत्र लिनु पर्ने | २७. अनुमतिपत्र लिनु पर्ने | साविकको परिच्छेद ४ को दफा २३ लाई परिच्छेद ५ मा लगि दफा २७ कायम गर्न उपयुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | | | देखिएकोले |
| ५७ | दफा २८ मा | | २८.पशु श्रोतकेन्द्र स्थापना गर्ने सम्बन्धी व्यवस्थाः (१) प्रदेश सरकारले पशुको जैविक विविधता संरक्षण गर्न तथा उन्नत जातका पशुहरूको माग आपुर्ती गर्न उपयुक्त स्थानमा पशु आनुवांशिक श्रोतकेन्द्र स्थापना गर्न सक्नेछ।<br>(२) पदेश सरकारले तोकेको मापदण्ड अनुसार स्थापित निजी क्षेत्रका फार्मलाई पनि पशुश्रोत केन्द्र तोक्न सक्नेछ।<br>(३)पशुपालन व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले प्रजलित कानून बमोजिम व्यवसाय दर्ता गर्नका लागि तोकिएको निकायबाट सिफारिस लिनु पर्नेछ।<br>(४) प्रदेश सरकारले उच्च प्रजननमान भएका उन्नत नश्लका पशुको उत्पादन गर्न कृत्रिम गर्भाधान सेवालाई अझै प्रविधियुक्त तथा विस्तार गर्न जमेको विर्य व्यवस्थापन तथा परिक्षण प्रयोगशाला, तरल नाईट्रोजन उत्पादन प्लान्ट जस्ता आवश्यक श्रोत साधनहरूको स्थापना गर्न सक्नेछ । | दफा २६ थप गर्न उपयुक्त देखिएकोले। |
| ५८ | दफा २९मा | | २९. व्यवशायीक पशुपालनः- व्यवसायिक स्तरमा पशु पालन गर्न चाहने व्यक्तिले असल पशु पालन अभ्यासको लागि गोठ वा खोर वा माछा पोखरी निर्माण गर्दा यसको लागि आवश्यक ढाँचा र नमूना | दफा २९ थप गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | वैज्ञानिक पद्धतिसँग मेल खाने गरी तयार गर्नु पर्नेछ । | |
| ५९ | दफा ३० मा | | ३०.पशु ढुवानीः- पशु पालन वा अन्य प्रयोजनका लागि पशु दुवानी गर्दा संघीय कानून भएको हकमा सोही अनुसार र नभएको हकमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ। | दफा ३० थप गर्न उपयुक्त देखिएकोले। |
| ६० | दफा ३१मा | | ३१.पशुधन सुरक्षण सम्बन्धी व्यवस्था तथा प्रवर्द्धनः-पशुधन सुरक्षण व्यवस्था संघीय कानुनले तोके वमोजिम र थप प्रवर्द्धनका लागि प्रदेश सरकारले तोके बमोजिम व्यवस्था गर्न सक्नेछ | दफा ३१ थप गर्न उपयुक्त देखिएकोले। |
| ६१ | दफा ३२ मा | | ३२.जैविक सुरक्षा सम्बन्धी व्यवस्थाः (१) पशुपालन व्यवसाय सञ्चालन गर्दा जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको फार्म जैविक सुरक्षाको मापदण्ड तोकिए बमोजिम हुनेछ । | दफा ३२ थप गर्न उपयुक्त देखिएकोले। |
| ६२ | दफा ३३ मा | | ३३. छाडा चौपाया छोड्न नहुनेः (१) कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको कुनै पनि चौपाया सार्वजनिक स्थलमा छाडा छोड्न पाइनेछैन ।<br>(२)स्थानीय तहले छाडा चौपाया व्यवस्थापनका लागि आवश्यक कार्य गर्नु पर्नेछ ।<br>(३) उपदफा (२) बमोजिमको कार्य गर्न प्रदेश सरकारले संघीय सरकारसंग समन्वय गरी सहयोग तथा सहकार्य गर्न सक्नेछ । | दफा ३३ थप गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (४) प्रदेश सरकारले राजपत्रमा सुचना प्रकाशन गरि **एक** पशु कल्याण समिति गठन गर्न सक्नेछ।<br>(५) उपदफा (४) वमोजिम वनेको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | |
| **६३** | दफा ३४ मा | | ३४.पशु दाना पदार्थ सम्बन्धी व्यवस्थाः (१) प्रदेश सरकारले संघीय सरकारको दाना पदार्थ ऐन २०३३ को प्रयोजनका लागि दाना निरीक्षक नियुक्त गर्न सक्ने वा तोक्ने सक्नेछ।(२) दाना पदार्थको उत्पादन, बिक्री वितरण वा सञ्चय गर्दा दाना पदार्थ ऐन २०३३ बमोजिमको स्तर कायम गरे नगरेको समेतका विषयमा दाना निरीक्षकले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।<br>(३)प्रदेश सरकारले दाना पदार्थ सम्बन्धी अन्य व्यवस्था संघीय सरकारको दाना पदार्थ ऐन २०३३ बमोजिम हुनेछ । | दफा ३४ थप गर्न उपयुक्त देखिएकोले। |
| **६४** | दफा ३५ मा | २६. दण्ड सजाय : (१) दफा ८ को उल्लघंन गरी पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्तिलाई पच्चीसहजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यसरी पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरिवाना हुनेछ ।<br>(२) दफा ९ को उल्लघंन गर्ने व्यक्तिलाई दशहजार रुपैयाँसम्म जरिवाना हुनेछ<br>(३) दफा ११ को उपदफा (१) बमोजिम दिइएको आदेश पालन नगर्ने व्यक्तिलाई पच्चीसहजार रुपैयाँसम्म | ३३. दण्ड सजाय : (१) दफा **६** को उल्लघंन गरी इजाजत बिना पशु वधशाला स्थापना गर्ने व्यक्तिलाई पचास हजार देखि एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ।<br>(२) दफा २८ को उल्लघंन गर्ने व्यक्तिलाई पच्चिस हजार रुपैयाँ जरिवाना हुनेछ ।<br>(३) दफा २९ बमोजिमको सिफारिस नलिई पशुपालन व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई विस हजार रुपैयाँ जरिवाना हुनेछ ।<br>(४) दफा ३२ बमोजिम पशुपालन व्यवसाय सञ्चालन गर्दा जैविक | साविकको दफा २६ लाई संशोधन गरि दफा ३५ कायम गरि साविकका दफा र उपदफाहरु संघीय कानुनसंग बाझिएकोले हटाई सो स्थानमा नयाँ उपदफाहरु थप गर्न उपयुक्त देखिएको ले । |

| | | | | |
|---|---|---|---|---|
| | | जरिवाना हुनेछ ।<br>(४) दफा १७ को उपदफा (२) बमोजिम दिएको आदेश पालना नगर्ने व्यक्तिलाई एकहजार रुपैयाँ जरिवाना लिई सो पशुलाई खसी पारी निजलाई फिर्ता गरिनेछ ।<br>(५) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको उल्लघंन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पाँचहजार रुपैयाँसम्म जरिवाना हुनेछ । | सुरक्षाका उपाय अवलम्बन नगर्ने व्यक्तिलाई पन्ध्र हजार रुपैयाँ जरिवाना हुनेछ।<br>(५) दफा ३३ बमोजिम कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको कुनै पनि चौपाया सार्वजनिक स्थलमा छाडा छोडेको पाइएमा निजलाई प्रथम पटकलाई दश हजार, दोस्रो पटकलाई विस हजार र त्यसपछीलाई पचास हजार रुपैयाँ जरिवाना हुनेछ।<br>(६) उपदफा (१), (२) (३) (४) र (५) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको उल्लघंन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी विसहजार रुपैयाँसम्म जरिवाना हुनेछ। | |
| **६५** | दफा ३६ मा | २७.मुद्दाको तहकिकात र दायरी : | ३६. मुद्दाको तहकिकात र दायरी : | साविकको दफा २७ लाई संशोधन गरि दफा ३६ कायम गर्न उपयुक्त देखिएकोले। |
| **६६** | दफा ३७ मा | २८. मुद्दा हेर्ने अधिकारी : (१) दफा ८ अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । | ३७. मुद्दा हेर्ने अधिकारी : (१) दफा **६ र ३२** अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । | साविकको दफा ८ लाई दफा ९ कायम गरी र साविकको दफा २८ लाई संशोधन गरि दफा ३७ कायम गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ६७ | दफा ३८ मा | २९.सरकार वादी हुनेः | ३८.सरकार वादी हुनेः | साविकको दफा २९ लाई संशोधन गरि दफा ३८ कायम गर्न उपयुक्त देखिएकोले। |
| ६८ | दफा ३९ मा | ३०. पुनरावेदनः दफा २८ बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ । | ३७.पुनरावेदनःदफा**३७**बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ । | साविकको दफा ३० लाई संशोधन गरि दफा ३९ कायम गर्न उपयुक्त देखिएकोले। |
| ६९ | दफा ४० मा | ३३.पशुको बीमा गर्नु पर्नेः-पशुको प्रचलित कानून बमोजिम दर्ता भएका बीमा कम्पनीमार्फत अनिवार्य बीमा गर्नु पर्नेछ। | ४०.पशुको बीमा गर्नु पर्नेः-पशुको प्रचलित कानून बमोजिम दर्ता भएका बीमा कम्पनी र **सहकारी** मार्फत अनिवार्य बीमा गर्नु पर्नेछ। | साविकको दफा ३३ लाई संशोधन गरि ४० दफा कायम गर्न र सहकारी शब्द थप गर्न उपयुक्त देखिएकोले। |
| ७० | दफा ४१ मा | ३४. अधिकार प्रत्यायोजनः- यस ऐन बमोजिम कार्यालय प्रमुख वा **जाँच अधिकृत** वा भेटेरिनरी निरीक्षकलाई प्राप्त अधिकार मध्ये मुद्दा हेर्ने र आदेश गर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | **४१.** अधिकार प्रत्यायोजनः- यस ऐन बमोजिमकार्यालय प्रमुख वा **पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत** वा भेटेरिनरी निरीक्षकलाई प्राप्त अधिकार मध्ये मुद्दा हेर्ने र आदेश गर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | साविकको दफा ३४ लाई संशोधन गरि दफा ४१ कायम गर्न र जाँच अधिकृतको सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत शब्द राख्न उपयुक्त देखिएकोले। |
| ७१ | दफा ४२ मा | ३५.पशु कल्याण सम्बन्धी व्यवस्थाः | ४२. पशु कल्याण सम्बन्धी व्यवस्थाः | साविकको दफा ३५ लाई संशोधन गरि दफा ४२ कायम गर्न उपयुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | | | देखिएकोले। |
| **७२** | दफा ४३ मा | ३६.जाँचबुझ गर्न सक्ने : | **४३.**जाँचबुझ गर्न सक्ने : | साविकको दफा ३६ लाई संशोधन गरि दफा ४३ कायम गर्न उपयुक्त देखिएकोले। |
| **७३** | दफा ४४ मा | ३७. बाधा नहुने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशोधित पशुजन्य पदार्थमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थलाई पशु जाँच केन्द्रमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन । | **४४.** बाधा नहुने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशोधित पशुजन्य पदार्थमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थलाई **पशु तथ्याङ्क संकलन तथा अनुगमन** केन्द्रमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन । | साविकको दफा ३७ लाई संशोधन गरि दफा ४४ कायम गरी पशु जाँच को सट्टा पशु तथ्याङ्क संकलन तथा अनुगमन शब्द राख्न उपयुक्त देखिएकोल्। |
| **७४** | दफा ४५ मा | ३८.प्रचलित कानून बमोजिम हुनेः- यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ । | ४५.प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएका **विषयमा यस** ऐन बमोजिम र अन्यको हकमा प्रचलित **संघीय वा प्रादेशिक** कानून बमोजिम हुनेछ। | साविकको दफा ३८ लाई संशोधन गरि दफा ४५ कायम गरी संघीय वा प्रादेशिक शब्द थप गर्न उपयुक्त देखिएकोले। |
| **७५** | दफा ४६ मा | ३९.नियम बनाउने अधिकारः- यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ । | **४६.** नियम बनाउने अधिकार :- यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ । | साविकको दफा ३९ लाई संशोधन गरि दफा ४६ कायम गर्न उपयुक्त देखिएकोले। |

**माननीय सभामुख महोदय,**

उपरोक्त संशोधन तथा थप गर्नुपर्ने विषयहरु सुदूरपश्चिम प्रदेश बालबालिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ,२०७६ मा समावेश गरी उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिमको प्रदेश सभा नियमावली २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार गर्न सहयोग पू-याउँनु हुने भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्यू, सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

प्रस्तुतकर्ताः-
माननीय कुन्ती जोशी
सभापति
सामाजिक विकास समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
मिति २०७७।११।०५

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७८ साल असोज १२ गते मंगलबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।